नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

# चौमासिक बुलेटिन

वर्षः ३ अंकः १ पूर्णाङ्कः ५ (साउन-कार्तिक २०७९ / Jul/Aug - Oct/Nov 2022)

## पूरक अनुदान किस्ता भुक्तानी सुरु

### १७९ उप-आयोजनालाई रू. ६५ करोड १६ लाख २८ हजार अनुदान भुक्तानी

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले रु. ३ अर्व ७ करोड ९४ लाख १५ हजार ९१८ रुपियाँ पूरक अनुदान सहयोग उपलब्ध गराउने गरी ६२९ वटा उत्पादक संस्थाहरूसँग दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका उप-आयोजनाहरू सञ्चालन गर्ने अनुदान सम्झौता गरेकोमा २०७९ मंसिर १५ सम्म प्रस्ताव आह्वान १ र २ अन्तर्गतका १७९ उप-आयोजनालाई ती उप-आयोजनाले हासिल गरेको वास्तविक कोसेढुंगा प्रगतिको आधारमा रु. ६५ करोड १६ लाख २८ हजार २४७ अनुदान किस्ता भुक्तानी गरेको छ। अनुदान सम्झौतामा गरिएको पूर्व सहमतिबमोजिमका कियाकलापहरू सम्पन्न गरी अनुदान किस्ता प्राप्त गर्ने यी कूल १७९ मध्ये ४७ उप-आयोजनाले दोस्रो किस्ता र २४ उप-आयोजनाले अन्तिम किस्ता भुक्तानी लिएका छन भने हालसम्म भुक्तानी गरिएको अनुदान रकम आयोजनाले सम्झौता गरेको कूल रकमको लगभग २३ प्रतिशत मात्र हो।

आयोजनाले सम्भाग "ग" समावेशी मूल्य शृंखला विकास अन्तर्गतको पूरक अनुदान प्रवाह गर्न आह्वान १ (२८ जेष्ठ २०७७) र २ (१६ माघ २०७७) मार्फत समूह, सहकारी र उत्पादक संघहरूबाट र आह्वान ३ (१९ माघ २०७७) मार्फत निजी फर्म र कम्पनीहरूबाट उप-आयोजना अवधारणा पत्रहरू माग गरेको थियो। सो अनुसार आयोजनाले स्वीकृत विधिबमोजिम प्रस्ताव आव्हान १ र २ को प्रतिउत्तरमा प्राप्त ८०९ उप-आयोजना अवधारणा पत्रहरूहरूमध्येबाट २४९ र आव्हान ३ को प्रतिउत्तरमा प्राप्त २४०८ उप-आयोजना अवधारणा पत्रहरूमध्येबाट ३८० उप-आयोजना पूर्ण प्रस्तावहरू छनौट गरी जम्मा ६२९ वटा उत्पादक संस्थाहरूसँग उप-आयोजना सञ्चालन पूरक अनुदान सम्झौता गरेको थियो। छनौट भई आयोजनासँग पूरक अनुदान सम्झौता गरेका यी ६२९ अनुदानग्राही संस्थामध्ये हालसम्म प्रस्ताव आह्वान

बाँकी पृष्ठ ३ मा ▸▸

## उच्चस्तरीय संयुक्त अनुगमन

विश्व बैंकका मालदिभ्स, नेपाल र श्रीलङ्काका राष्ट्रिय निर्देशक फारिस हडाड् जेरोव सहितको उच्चस्तरीय टोली र आयोजना निर्देशक र गण्डकी प्रदेश भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव समेतको संयुक्त टोलीले २२ सेप्टेम्वर २०२२ का दिन नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाद्वारा कास्की जिल्लामा सञ्चालन भइरहेका कियाकलापहरूको अनुगमन गरेको छ। उक्त अनुगमन टोलीमा विश्व बैंकका प्राकृतिक स्रोत हेर्ने प्याक्टिस म्यानेजर, मालदिभ्स, नेपाल र श्रीलङ्काकालागि विश्व बैंकका अपरेसन म्यानेजर लाडा स्टेल्कोभा, कृषि विकासकोलागि अन्तर र्राष्ट्रिय कोष (IFAD) का नेपाल प्रमुख रोशन कूक, विश्व बैंकको सहयोगमा नेपालमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा सञ्चालन भइरहेका नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP) र ग्रामीण उद्यम तथा आर्थिक विकास (REED) आयोजना हेर्ने Task Team Leader हरू क्रमशः करिश्मा वस्ती र डेभिड सुनाइडर, गण्डकी प्रदेश भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव श्री सहदेव प्रसाद हुमागाई, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाका निर्देशक डा. उमेश दाहाल लगायत आयोजना विकेन्द्रीकृत सहयोग इकाई, पोखराका प्रमुख र अधिकृतहरू तथा आयोजनाका परामर्शदाताहरू सहभागी हुनुहुन्थ्यो।

अनुगमनको कममा आयोजनाको रु. ६,१९५,३३३ पूरक अनुदान सहित रु. १२,३८५,५३३ लगानीमा जगत कल्याण दुग्ध उत्पादक सहकारी संस्थाले पोखरा उपमहानगरपालिका-३०, खुदीमा हालै सञ्चालनमा ल्याएको दुग्ध प्रशोधन तथा बजारीकरण उप-आयोजना र आयोजनाले क्षमता अभिवृद्धिमा सहयोग गरेको र आयोजनाको सहयोगमा सञ्चालन भइरहेको वंशावलीमा आधारित दुधालु गाईभैसी नश्ल सुधार कार्यक्रम सञ्चालन गरिरहेको पोखरा उप-महानगरपालिका-१४ मा अवस्थित कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको राष्ट्रिय पशु प्रजनन कार्यालयको भ्रमण गरेको थियो।

दुग्ध प्रशोधन उप-आयोजना अनुगमन गर्ने क्रममा अन्य विषयहरूको अतिरिक्त दुग्ध प्रशोधनको लागि खरिद तथा जडान गरिएका उपकरणहरू सञ्चालन तथा दुग्ध पदार्थको बजारीकरणका योजना र उप-आयोजना सञ्चालनमा अपेक्षित समस्याहरू बारे छलफल गरिएको थियो। यसको




अतिरिक्त सहकारीको लगानी तथा मुनाफा वितरण प्रणाली र पूरक अनुदान प्राप्त गर्नेक्रमको अनुदानग्राहीको अनुभव बारे समेत छलफल गरिएको थियो। त्यस्तै राष्ट्रिय रुपमा पशु नश्ल सुधारको लागि नेपाल सरकारको जिम्मेवार निकाय राष्ट्रिय पशु प्रजनन कार्यालयमा अनगमन टोलीले आयोजनाको लगानी सहयोगमा निर्मित भौतिक संरचनाहरू, गाईभैंसीको गुणस्तरीय जमेको वीर्य उत्पादन गर्न आयोजनाले अमेरिकाबाट आयात गरेका जर्सी र होल्स्टिन साँढे तथा आयोजनाको सहयोगमा खरिद गरिएका कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनमा चाहिने उपकरणहरूको निरीक्षण गरी जानकारी लिएको थियो।

यो उच्चस्तरीय भ्रमण लाभदायी भएको र यस्ता भ्रमणले आयोजनाका लाभग्राही तथा आयोजना कार्यान्वयनमा संलग्न सबैको हौसला वृद्धि भएको महसुस गरिएको छ।

## बधाई र शुभकामना !



नेपाल सरकारको निर्णयानुसार २०७९ भाद्र ९ देखि नयाँ महानिर्देशकको रुपमा **डा. सम्झना कुमारी काफ्लेज्यू**ले पशु सेवा विभागको नेतृत्व ग्रहण गर्नु भएकोमा आयोजना परिवार पशु सेवा विभागका महानिर्देशकज्यू तथा यस आयोजनाका केन्द्रीय प्राविधिक समन्वय समितिका अध्यक्षज्यूमा हार्दिक बधाई ज्ञापन गर्दछ र उहाँको सफल कार्यकालको कामना गर्दछ।

**सल्लाहकार**

**डा. उमेश दाहाल**
आयोजना निर्देशक

**डा. प्रभाकर पाठक**
प्रोजेक्ट टेक्निकल लिड

**सम्पादक मण्डल**

**प्रधान सम्पादक**

**डा. अमरबहादुर शाह**
टिम लिडर- प्राविधिक सेवा प्रदायक

**सदस्य**

**डा. प्रवेश शर्मा**
वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत

**श्री सुरेश बस्नेत**
सूचना, संचार प्रविधि विज्ञ

**सम्पादन सहयोगी**

**श्री प्रजेश अधिकारी**
कम्प्युटर अपरेटर

**प्रकाशक**

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)
हरिहर भवन, ललितपुर

### प्रकाशकीय

# आयोजना निर्देशकको मन्तव्य



आयोजना कार्यान्वयनमा पारदर्शिता कायम गर्ने नीति अन्तर्गत यथार्थ सूचना सरोकारवालासम्म सम्प्रेषण गर्ने उद्देश्यले प्रकाशन गर्न सुरु गरिएको आयोजनाको चौमासिक बुलेटिनको यो पाँचौं अङ्क यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। बुलेटिनको प्रत्येक अङ्कमा आयोजना सम्बन्धी कुनै एक विषय विशेषमा केन्द्रीत रही विस्तृत जानकारी समावेश गर्ने गरिएकोमा प्रस्तुत अङ्कमा आयोजनाले सञ्चालन गरिरहेका पशु आहारा विकास र पशु नश्ल सुधारको लागि वंशावलीमा आधारित अभिलेख प्रणाली सम्बन्धी जानकारी प्रस्तुत गरेका छौं। पशुपालनमा संलग्न कृषक तथा कृषकका संघ, संस्था र पशु सेवामा संलग्न सबै सरोकारवालाहरूको लागि यी जानकारी उपयोगी हुने अपेक्षा मैले गरेको छु।

नेपालको पशुपालन क्षेत्रको आधुनिकीकरण र सुदृढीकरण गर्न नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विश्व बैंकको सहयोगमा आ.व. २०७४/७५ देखि छ वर्ष अवधिको लागि देशका ५ प्रदेशका २८ जिल्ला र २८९ गाँउ तथा नगरपालिकाहरूमा यो आयोजना कार्यान्वयन गरिरहेको कुरा सरोकारवाला सबैको जानकारीमै छ। यो आयोजना दूध, खसीबोकाको मासु र पश्मिनाको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरूको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण तथा आधुनिकीकरण गर्ने उद्देश्य लिएर सञ्चालन भइरहेको छ। आयोजनाका लक्षित क्रियाकलापहरू केन्द्रमा आयोजना व्यवस्थापन कार्यालय र ल्कस्टर तहमा विराटनगर, हेटौंडा, बुटवल र पोखरामा अवस्थित चार वटा विकेन्द्रीकृत आयोजना सहयोग ईकाईहरू मार्फत कार्यान्वयन भइरहेका छन भने वंशावलीमा आधारित नश्ल सुधार कार्यक्रम (PPRS) राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरा मार्फत सञ्चालन भईरहेको छ।

प्रक्रियागत ढिलाई तथा कोभिड महामारीको कारण चौथो वर्षसम्म केही सिथिल बनेको आयोजना कार्यान्वयन हाल प्रभावकारी बनेको र द्रुत गतिमा अगाडि बढेको जानकारी दिन पाउदाको यो क्षण म खुसी र गर्व महसुस गरिरहेको छु। अहोरात्र खटेर आयोजनालाई यो चरणसम्म ल्याउन मलाई निरन्तर सहयोग प्रदान गर्ने कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, मन्त्रालय मातहतका अन्य निकायहरू, प्रदेश सरकार र स्थानीय तहका सबै पदाधिकारीहरू र विश्व बैंकको तर्फबाट आयोजना हेर्ने टोली प्रमुख लगायत आयोजनामा कार्यरत कर्मचारी, परामर्शदाता सबैप्रति म पुनः आभार प्रकट गर्दछु। आयोजना कार्यान्वयनमा सबै निकाय र व्यक्तिको सहयोग यथावत प्राप्त भइरहने छ भन्ने आशा समेत मैले लिएको छु।

अन्तमा, बुलेटिनको प्रस्तुत अङ्क यो रुपमा ल्याउन मेहनत गर्ने यस बुलेटिनका सम्पादक मण्डलका सदस्यहरूलाई म धन्यवाद दिन चाहन्छु।

मंसिर, २०७९

डा. उमेश दाहाल
आयोजना निर्देशक




पृष्ठ १ बाट ▸▸

१ र २ अन्तर्गतका ३१ र प्रस्ताव आह्वान ३ अन्तर्गतका ६ गरी जम्मा ३७ अनुदानग्राही कृषक समूह तथा सहकारीसंस्थाहरू आन्तरिक कारणवश उप-आयोजना कार्यान्वयन नगर्ने निर्णय गरी अनुदान प्रक्रियाबाट बाहिरिएको कारण प्रस्ताव आह्वान ३ अन्तर्गत अनुदान सम्झौता भएका बाँकी सबै उप-आयोजनाहरू कार्यान्वयन भएमा पनि आयोजनाले सहकार्य गरिरहेका उप-आयोजनाहरू ५९२ मात्र हुनेछन । यी बाँकी उप-आयोजनाहरूले आयोजनासँगको सम्झौतामा सहमति भएका सबै कोसेढुंगा क्रियाकलापहरू सम्पन्न गरेको अवस्थामा आयोजनाले कूल रु २ अर्व ८४ करोड ९ लाख ७७ हजार २०२ पूरक अनुदान उपलब्ध गराउनु पर्ने देखिन्छ जुन सुरुमा सम्झौता गरिएको अनुदान रकम ३ अर्व ७ करोड ९४ लाख १५ हजार ९८१ को ९२.२५ प्रतिशत हुने छ । आयोजनाको पूरक अनुदान प्रवाह र अनुदान भुक्तानी सम्बन्धि जानकारी तालिका-१ मा प्रस्तुत गरिएको छ ।

***तालिका-१: उप-आयोजनालाई पूरक अनुदान भुक्तानी अवस्था (१४ मंसिर २०७९ सम्म)***

| क.सं. | विवरण | इकाई | जम्मा | विकेन्द्रीकृत आयोजना सहयोग इकाई | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | विराटनगर | हेटौंडा | पोखरा | बुटवल |
| **क** | **प्रस्ताव आह्वान १ र २ अन्तर्गतका उप-आयोजनाहरू** | | | | | | |
| १ | अनुदान सम्झौता भएका उप-आयोजना | संख्या | २४९ | ५० | ७५ | ७४ | ५० |
| २ | अनुदान सम्झौता रद्द गरिएका उप-आयोजना | संख्या | ३१ | ६ | ४ | १८ | ३ |
| ३ | बाँकी उप-आयोजना | संख्या | २१८ | ४४ | ७१ | ५६ | ४७ |
| ४ | अनुदान पहिलो किस्ता भुक्तानी लिने उप-आयोजना | संख्या | १७९ | ४० | ५८ | ३८ | ४३ |
| ५ | अनुदान दोस्रो किस्ता भुक्तानी लिने उप-आयोजना | संख्या | ४७ | २५ | ९ | ८ | ५ |
| ६ | अनुदान अन्तिम किस्ता भुक्तानी लिने उप-आयोजना | संख्या | २४ | २२ | ० | ० | २ |
| ७ | सुरु सम्झौता पूरक अनुदान | रु | १८०१७८४६६०.३८ | ३१२३२५२५०.०० | ५४५८४२९९२.४७ | ५५५५५२३९५.४७ | ३८८०६४०२२.४४ |
| ८ | संशोधित पूरक अनुदान | रु | १५७९८५१८६५.७९ | २८५११२८००.०० | ५१६८७४७७२.०६ | ४०४६५६९२०.१७ | ३७३२०७३७३.५६ |
| ९ | अनुदान भुक्तानी | रु | ६५१६२८२४७.६४ | १९००९०१२४.९८ | २०२५४०३७३.६६ | १०३७८३१०६.०० | १५५२१४६४३.०० |
| १० | अनुदान भुक्तानी प्रतिशत (सशोधितको) | % | ४१.२४ | ६६.६७ | ३९.१८ | २५.६४ | ४१.५८ |
| **ख** | **प्रस्ताव आह्वान ३ अन्तर्गतका उप-आयोजनाहरू** | | | | | | |
| १ | अनुदान सम्झौता भएका जम्मा उप-आयोजना | संख्या | ३८० | ९६ | ८२ | ८५ | ११७ |
| २ | सुरु सम्झौता पूरक अनुदान | रु | १२७७६३१३२१.०० | ३९२००६४१०.०० | २६९६४७०९३.०० | २७६४९३२०२.०० | ३३९४८४६१६.०० |
| ३ | अनुदान सम्झौता रद्द गरिएका उप-आयोजना | संख्या | ६ | ० | ० | ३ | ३ |
| ४ | बाँकी उप-आयोजना | संख्या | ३७४ | ९६ | ८२ | ८२ | ११४ |
| ५ | अनुदान किस्ता भुक्तानी | रु | ० | ० | ० | ० | ० |
| ६ | संशोधित पूरक अनुदान | रु | १२६११२५३३७.०० | ३९२००६४१०.०० | २६९६४७०९३.०० | २६८२४१४८९.०० | ३३१२३०३४५.०० |
| **ग** | **प्रस्ताव आह्वान १, २ र ३ जम्मा** | | | | | | |
| १ | अनुदान सम्झौता भएका जम्मा उप-आयोजना | संख्या | ६२९ | १४६ | १५७ | १५९ | १६७ |
| २ | सम्झौता भएको जम्मा अनुदान | रु | ३०७९४१५९८१.३८ | ७०४३३१६६०.०० | ८१५४९००८५.४७ | ८३२०४५५९७.४७ | ७०४४३७७१८.५६ |
| ३ | बाँकी उप-आयोजना | संख्या | ५९२ | १४० | १४० | | |
| ३ | सम्झौता भएको संशोधित अनुदान | रु | २८४०९७७२०२.७९ | ६७७११९२१०.०० | ७८६५२१८६५.०६ | ६७२८९८४०९.१७ | ७०४४३७७१८.५६ |
| ३ | जम्मा अनुदान भुक्तानी | रु | ६५१६२८२४७.६४ | १९००९०१२४.९८ | २०२५४०३७३.६६ | १०३७८३१०६.०० | १५५२१४६४३.०० |
| ४ | अनुदान भुक्तानी प्रतिशत (कूलको) | % | २२.९३ | २८.०७ | २५.७५ | १५.४२ | २२.०३ |



### आयोजनाद्वारा पशु हाट बजारस्थल निर्माणमा सहयोग

# सियारी च्याङ्ठा पशु हाट बजारको भव्य उद्घाटण

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले पशु तथा पशुजन्य उत्पादनको बजारीकरणमा गरिरहेको सहयोगमध्ये पशु हाट बजारहरू निर्माण तथा सुदृढीकरण र खसीबोका संकलन केन्दहरूको निर्माण महत्वपूर्ण छन । नेपालको तराइ भागमा स्थानीय तह वा निजीक्षेत्रको सक्रियतामा पशु बजारहरू सञ्चालन भइरहेका भए पनि ती बजारहरूमा आवश्यक सुविधाहरूको अभाव छ र अधिकांश बजारहरू अव्यवस्थित छन । त्यस्तो आवस्थामा आयोजनाले सम्बन्धित स्थानीय तहहरूसँग सहकार्य गरी गुलरिया (बर्दिया) र रंगेली (मोरङ्ग) मा सञ्चालन भइरहेका बजारको सुदृढीकरणको काम गरेको छ भने सियारी (रुपन्देही) र रत्ननगर (चितवन) मा नयाँ बजारहरू स्थापना तथा सञ्चालन गर्न सहयोग गरेको छ ।



आयोजनाले सहयोग गरेका यी बजारहरूमा पशु गाडीबाट झार्ने र गाडीमा चढाउने ठाँउ, पशुलाई पिउने पानी, पशुको स्वास्थ्य परीक्षण र चिकित्सकीय सेवा, बिक्री नभएका पशुहरूलाई राख्ने सुविधा, कृषक/व्यापारी बास बस्ने सुविधा आदि विकास गरिएको छ भने बजारलाई व्यवस्थित रुपमा सञ्चालन गर्न बजारको दीर्घकालीन नमूना व्यवसाय योजना र बजारको स्वामित्व हुने नगर/गाँउपालिकाले उपयोग गर्ने गरी नमूना सञ्चालन विधि समेत तयार पारेको छ ।

यसै क्रममा रुपन्देहीको सियारी गाउपालिकामा आयोजनाद्वारा निर्माण गरिएको सियारी च्याङ्ठा पशु हाटबजारको उद्घाटण लुम्बिनी प्रदेशका मुख्यमन्त्री श्री कुल प्रसाद के.सी.ले ८ साउन २०७९ का दिन एक भव्य समारोहकाबीच गर्नु भएको थियो । सो समारोहमा माननीय श्री देवी चौधरी, प्रदेश भूमि व्यवस्था तथा कृषि मन्त्री श्री सुमन शर्मा रायमाझी, सियारी गाँउपालिकाका प्रमुख श्री थानेश्वर घिमिरे र उप-प्रमुख श्री तारादेवी थारु र आयोजना र गाँउपालिकाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

सो अवसरमा पशु बजारहरूले स्थानीय तथा छिमेकी जिल्लाका कृषकलाई पशु खरिद बिक्री गर्ने सुविधा उपलब्ध गराउने मात्र नभई समग्र जिल्लाको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिने र स्थानीयतहको आम्दानीको स्रोत हुने विचार सहभागीहरूले व्यक्त गर्नु भएको थियो ।



### सम्मानित अदालतको अन्तरिम आदेश

## आह्वान-३ अन्तर्गतका उप-आयोजनाहरूको कार्यान्वयन अझै अवरुद्ध

आयोजनाको अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने एक पूर्व शर्त अनुदानग्राही संस्थाले उप-आयोजनाको कूल लगानीको कम्तीमा पनि ३०% रकम वित्तीय संस्थाबाट ऋण सहयोग लिनुपर्ने रहेको छ। सो शर्त पूरा गर्न नसकी अनुदान प्रक्रियाबाट बाहिरिएको मुगा माल्बासे डिही कृषक समूह, धनकुटाले २०७९ बैशाख १३ मा "निजी क्षेत्र आयोजनाको लाभग्राहीमा नपर्ने तर, आयोजनाले बदनियत राखी निजी फर्म र कम्पनीलाई पनि अनुदान प्रक्रियामा समावेश गराएकोले सम्पूर्ण अनुदान भुक्तानी रोक्का गरी पाँउ" भनी सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरेपछि २०७९ बैशाख २२ मा सम्मानित अदालतबाट समूह, सहकारीको अनुदान किस्ता भुक्तानी नरोक्ने तर, "आयोजना सम्झौतामा निर्धारित लक्षित समूह बाहेकका अन्य फर्म, समूह र कम्पनीका हकमा रिट निवेदनको अन्तिम किनारा नलागेसम्म भुक्तानी दिने कार्य रोक्का गरी यथास्थितिमा राख्नु" भन्ने अन्तरिम आदेश जारी भएको थियो ।त्यो आदेश खारेजीको लागि आयोजना तत्काल कानूनी प्रक्रियामा लागेको भए पनि सो मुद्दा अझै अदालतमा विचाराधीन छ र त्यसको छिटै निरुपण हुने कुरामा आयोजना विश्वस्त छ ।

आयोजनाको शुरुवात निर्धारित समयभन्दा एक वर्ष ढिला हुन गएको र विश्वव्यापी कोभिड-१९ महामारीको कारण तीन पटकसम्म बन्दाबन्दी हुदा फिल्डस्तरमा पूर्ण प्रस्ताव पेश गर्नु अगाडि गर्नुपर्ने स्थलगत अनुगमन प्रभावित भई पूरक अनुदान सम्झौता गर्ने समयमै उप-आयोजना कार्यन्वयन गर्न कम समय उपलब्ध भएका उप-आयोजनाहरूको कार्यान्वयनमा सम्मानित अदालतबाट मुद्दाको अन्तिम फैसला हुने अवधि अनिश्चित भएको कारण यो आदेशले थप अनिश्चितता सिर्जना गरेको छ ।

नेपाल सरकार र अन्तरराष्ट्रिय विकास महासंघ (क्ष्म्ब) बीच भएको वित्तीय सम्झौता, नेपाल सरकार र विश्व बैंकबाट स्वीकृत आयोजनाको एचयवभअत ब्उउचबष्कबा म्यअग्रभलत- एब्म र नेपाल सरकार र विश्व बैंकको निर्णय र निर्देशनबमोजिम आयोजनाले निजी फर्म र कम्पनी समेतका पूर्वनिर्धारित लक्षित वर्गलाईनै पूरक अनुदानको लागि छनौट गरेको हुदा सम्मानित अदालतको आदेशको अवज्ञा नगरेरै अनुदान सम्झौता गरिएका उप-आयोजनाहरूलाई सफलतापूर्वक कार्यान्वयनमा कसरी लग्न सकिन्छ भन्ने उपायको खोजीमा आयोजना निरन्तर लागिरहेको छ र यो विषय सम्बन्धमा आयोजना निर्देशक समिति, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्य निकायहरूबाट निरन्तर रुपमा राय, सल्लाह र निर्देशन माग गरिराखेको छ । अतः अब छिटै अन्तिम निर्णय भई अनुदान सम्झौता भएर पनि कार्यान्वयन अवरुद्द भएका उप-आयोजनाहरू सुचारु हुने र वित्तीय संस्थाको ऋण लिएर आयोजना अधुरो राख्ने बाध्यतामा रहेका अनुदानग्राही संस्थाहरूले आ-आफ्नो उप-आयोजना पूरा गरी अपेक्षित उत्पादन लिन पाउने आशा आयोजनाले राखेको छ ।

# वंशावलीमा आधारित उत्पादन क्षमताको अभिलेखीकरण प्रणाली (Pedigree Performance Recording System-PPRS): परिचय, महत्व र कार्यान्वयन अवस्थ



**लोक नाथ पौडेल,** PhD
पशु प्रजनन विज्ञ

## १. विषय प्रवेश

क्षेत्रफल र गाईभैंसीको संख्याको हिसावले नेपाल एशियाका मुलुकहरूमध्ये तुलनात्मक रुपमा धनी मानिएता पनि यी पशुहरूको दूध उत्पादन क्षमताका दृष्टिले भने उत्पादकत्व न्यून हुने देशहरूको सूचीमा पर्दछ । अन्य विकसित देशहरूमा पशु आहारा, पशु स्वास्थ्य, व्यवस्थापनका साथै विशेष गरी पशु प्रजनन्को क्षेत्रमा ठूलो प्रगति भएका कारणले गाईभैंसीहरूको दूध उत्पादन क्षमता नेपाल जस्ता विकासशील देशहरूको तुलनामा निकै उच्च छ । उदाहरणका लागि संयुक्त राज्य अमेरिकामा जर्सी र होलस्टिन जातका गाईहरूको एक वेतको औषत दूध उत्पादन क्रमश: ९००० र १२००० लिटर भएको पाइन्छ भने नेपालमा केही वर्ष पहिले खाद्य तथा कृषि संगठन (FAO) समेतको सहयोगमा सञ्चालित कार्यक्रममा छानिएका वर्णशंकर जर्सी र होलष्टिन जातका गाईहरूको प्रति वेत औषत दूध उत्पादन क्रमश: २८०० र ३००० लिटरको हाराहारीमा मात्र भएको पाइएको थियो । ठूलो संख्यामा रहेका स्थानीय गाईभैंसीहरू र यिनको न्यून उत्पादन क्षमताको कारणले नेपालले अपेक्षाकृत रुपमा दूध उत्पादन वृद्धि गर्न सकेको छैन । अत: नेपालमा गाईभैंसीको उत्पादकत्व वृद्धि गरी देशलाई दूध तथा दुग्ध पदार्थमा आत्मनिर्भर बनाउनु जरुरी छ ।

## २. वंशावलीमा आधारित उत्पादन क्षमता अभिलेखीकरण प्रणाली (PPRS)


गाईभैंसीको दूध उत्पादन क्षमता (उत्पादकत्व) वृद्धि गर्ने सबै भन्दा प्रभावकारी विधि भनेको नश्ल सुधार गर्नुनै हो । राम्रो दानापानी, स्वास्थ्य र व्यवस्थापन हुँदाहुँदै पनि पशुहरू राम्रो जातका भएनन् भने अपेक्षा गरे जस्तो उत्पादन प्राप्त हुन सक्दैन । नश्ल सुधारका लागि हालसम्म पनि विश्वभरमै प्रचलित सरल र सहज उपाय पशुहरूको वंशावलीमा आधारित उत्पादन क्षमताको अभिलेखीकरणबाट उच्च प्रजनन मानका पशुहरू छनौट गरी प्रजनन प्रणालीलाई व्यवस्थित गर्नुनै हो । नेपालमा यो कार्यक्रम सन् २००८ मा FAO को सहयोगमा १४ जिल्लामा दूधालु गाईको वंश सुधार कार्यक्रमको रुपमा उदाहरणीय रुपमा सञ्चालन भएको थियो भने सन् २०११ देखि ३ वर्षसम्म अमेरिकी सहयोग नियोग (USAID) को सहयोगमा दुधालु गाई तथा भैंसीको जातीय सुधार कार्यक्रमको रुपमा सञ्चालन गरिएको थियो । यी दुवै कार्यक्रमले PPRS लाई उच्च महत्व दिएका थिए । PPRS र यसका माध्यमद्वारा नश्ल सुधार गर्ने कार्यक्रम वर्षौंसम्म निरन्तर रुपमा विधिवत तवरले सञ्चालन हुनु पर्नेमा नेपालमा यो कार्यक्रम बीचको अवधिमा बन्दनै नभएता पनि खासै प्रभावकारी रुपमा सञ्चालन हुन पनि सकिरहेको थिएन । यस्तो अवस्थामा नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP) ले आ.व. २०७८/७९ देखि राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरालाई आयोजनाको बजेट खर्च गर्ने अख्तियारी प्राप्त निकाय (Cost center) कायम गरेर आयोजनाको PPRS तर्फको कार्यक्रम सञ्चालन गर्न जिम्मेवार बनाएको छ ।

PPRS सरकारी, सहकारी र निजी क्षेत्रको संयुक्त सहभागितामा सञ्चालन गरिनु पर्ने कार्यक्रम भएकोले यसको लागि कार्यक्रम सञ्चालन निर्देशिकाको आवश्यकता पर्दछ । यस सन्दर्भमा NLSIP ले पशु सेवा विभागको समन्वयमा तयार पारेको "वंशावलीमा आधारित दुधालु गाईभैंसी नश्ल सुधार निर्देशिका, २०७९" लाई नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ५ जेष्ठ २०७९ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यो निर्देशिका प्राप्त भएपछि PPRS कार्यक्रम सञ्चालन गर्न निकै सहज भएको महसुस गरिएको छ ।

PPRS मा वंशावलीमा आधारित भएर पशुहरूको उत्पादनको विधिवत रुपमा अभिलेख राखी संकलित अभिलेखलाई तथ्याङ्कशास्त्रको उपयुक्त विधिद्वारा विश्लेषण गरिन्छ । यसबाट जनावर विशेषको उत्पादन क्षमताको आंकलन हुन्छ र यसरी क्षमता आंकलन गरिसकेपछि प्राप्त भएको नतिजाअनुसार उत्कृष्ट ठहरिएका गाईभैंसीलाई भावी साँढे/रागोका आमाको रुपमा (Bull Mothers) छनौट गर्ने र तिनमा विदेशबाट ल्याइएको उच्च गुणस्तको वीर्य प्रयोग गरी जन्मिएका बाच्छा/पाडालाई कृत्रिम गर्भाधान कार्यक्रमको लागि चाहिने वीर्य उत्पादन गर्न प्रयोग गरिन्छ । पशुको नश्ल सुधार गर्ने यो पद्धति विश्वमा प्रचलित अन्य पद्धतिहरू भन्दा सरल र कम खर्चिलो छ र धेरै विकासशील देशहरूमा प्रयोगमा ल्याइएको छ । गाईको दूधको उत्पादकत्वको दृष्टिले अग्रणी अमेरिका, जर्मनी, बेलायत, नेदरल्याण्ड, अष्ट्रेलिया जस्ता देशहरू यस्तै विधिको निरन्तर अभ्यास गरेर हालको अवस्थामा आइपुगेका हुन भने यो कार्यक्रमको महत्व बुझेर अझ पनि यसलाई निरन्तरता दिइरहेका छन् ।

## ३. नेपालमा PPRS को महत्व

देशभित्रै उच्च उत्पादन क्षमता भएका प्रजननका लागि योग्य गुणस्तरीय भाले तथा पोथी जनावरहरू नभएको कारणले नेपालले वर्षेनी ठूलो परिमाणमा वैदेशिक मुद्रा खर्च गरी उच्च नश्लका भाले/पोथी जनावरका साथै जमेको वीर्य समेत विदेशबाट आयात गर्नु परिरहेको छ । विगतका केही वर्षहरूमा विदेशबाट पशु खरिद गरी ल्याउन नसक्दा नश्ल सुधार कार्यक्रम सञ्चालन गर्न नेपाललाई निकै कठिनाइ महसुस भएको कुरा पशु सेवा क्षेत्रसँग सम्वद्ध सबैलाई जानकारी नै छ । यो समस्याको केही हदसम्म भए पनि समाधान गर्न NLSIP ले निरन्तर र अथक प्रयास गरेर गत आ.व. मा ६ वटा साँढेहरू (४ जर्सी र २ होलष्टिन फ्रिसियन) अमेरिकाबाट ल्याउन सफल भएको थियो भने मुर्रा जातका राँगा खरिद गर्न नेपाल सरकारबाट निरन्तर प्रयास र यथेष्ट बजेट विनियोजन हुदाहुदै पनि झन्झटिलो प्रकृयाको कारणले गर्दा भारतबाट खरिद गरी ल्याउन अझै सकिएको छैन । यस परिप्रेक्षमा PPRS कार्यक्रम प्रभावकारी रुपमा, निर्देशिकामा उल्लेख भएका चरण र पद्धति अवलम्बन गरी सञ्चालन गरिएमा गाई र भैंसीका उच्च प्रजननमान भएका साँढे तथा राँगामा केही वर्षमै नेपाल आत्मनिर्भर हुनसक्ने छ र ती साँढे तथा राँगाबाट गुणस्तरीय वीर्य उत्पादन गर्नसके स्वदेशी पशुको उत्पादकत्व वृद्धि भई कृषकहरूमा समृद्धि आउने र यस्तो वीर्य विदेश निर्यात गर्नसके वैदेशिक मुद्रा आर्जन समेत गर्न सकिने सम्भावना छ । अत: यो कार्यक्रम निकै महत्वपूर्ण छ ।



### ४. PPRS कार्यक्रम सञ्चालन प्रक्रिया

**(क) कार्यक्रम सञ्चालन हुने जिल्ला:** निर्देशिकामा उल्लेख भएबमोजिम यो कार्यक्रम नेपालका १८ जिल्लाहरूमा सञ्चालन हुनेछ। कार्यक्रम सञ्चालन गर्न छनौट भएका क्लष्टर र जिल्लाहरू तालिका नं.-१ मा दिइएको छ ।

तालिका नं. १: **कार्यक्रम सञ्चालन हुने जिल्ला र क्लस्टरहरू**

| क्लस्टर | जिल्ला | मुख्य जात | सहायक जात |
|---|---|---|---|
| १ | कास्की, तनहुँ, चितवन, रुपन्देही, मकवानपुर, नवलपरासी र काभ्रे | शुद्ध एवं वर्णशंकर होलिस्टीन | वर्णशंकर जर्सी र मुर्रा |
| २ | इलाम, झापा, मोरङ, सुनसरी र धनकुटा | शुद्ध एवं वर्णशंकर जर्सी | वर्णशंकर होलिस्टीन र मुर्रा |
| ३ | कपिलवस्तु, नवलपरासी, रुपन्देही, सप्तरी, सिरहा र धनुषा | शुद्ध एवं वर्णशंकर मुर्रा | वर्णशंकर जर्सी र होलिस्टीन |

निर्देशिकामा उल्लेख भएजस्तै हालसम्म कास्की, तनहुँ, गोरखा, लमजुङ्ग, काभ्रे, दोलखा, चितवन, नवलपुर र रुपन्देही जिल्लाहरूमा यो कार्यक्रम गत वर्षदेखि नै सञ्चालनमा रहेको छ ।

**(ख) बथान र पशुहरूको छनौट:** कार्यक्रम सञ्चालनका लागि सर्वप्रथम निर्देशिकालाई मध्यनजर राखी जिल्ला, क्लष्टर, बथान र जनावर हरूको छनौट गरिन्छ । छनौट भएका जनावरहरूलाई पहिचान चिन्ह (Identification tag) लगाइन्छ ।





**चित्र १: PPRS कार्यक्रममा छानिएका वथान तथा जनावरहरूको एक झलक**

**(ग) उत्पादनको अभिलेख र दूधको नमूना संकलन:** यसरी छानिएका जनावरहरूबाट २८ देखि ३१ दिनको अन्तरालमा बेलुका र बिहान गरी दुई पटक दूधको उत्पादन अभिलेख लिइन्छ भने यो अभिलेख लिने समयमा प्रति जनावर २० एम.एल. दूधको नमूना संकलन गरी नमूनालाई तोकिएको दूध परीक्षण गर्ने प्रयोगशालामा पठाइन्छ ।

**(घ)दूधको नमूना परीक्षण:** प्रयोगशालामा पठाइएको नमूनाको प्राविधिकहरूले विश्लेषण गरी दूधमा भएको चिल्लो पदार्थ, चिल्लो बाहेको ठोस पदार्थ (SNF), प्रोटिन र कन्डक्टिभिटीको यकिन गरी अभिलेख राख्ने गरिन्छ । यसरी प्रत्येक पशुको दूधको उत्पादन (Kg/lit) र दूधमा भएका मुख्य-मुख्य तत्वहरूको विवरण अभिलेखीकरण गरी प्रत्येक महिना NLBO पोखरामा पठाइन्छ ।



**चित्र २: दूधको नमूना परीक्षण तथा अभिलेखहरूको फिल्डस्तरमा निरीक्षण हुदै**

**(ङ).Bull Mother को छनौट:** यसरी प्राप्त भएका प्रति जनावर कम्तीमा ८ अभिलेखहरूका आधारमा जनावरहरूको उत्पादन क्षमताको आँकलन तथा विश्लेषण गर्ने कार्य NLBO पोखराले गरी पशु स्वास्थ्यको विवरण, पहिलोपटक बाली लाग्ने उमेर, दुई वेतबीचको ब्याउने अन्तर, उल्टिने तथा अन्य स्वास्थ्य समस्या आदिका आधारमा प्रजननमान (Breeding value) गणणा गरी Bull Mother हरूको छनौट गरिन्छ ।

**(च)रागो/साँढे खरिद र प्रयोग:** यसरी छनौटभएका Bull Mother हरूबाट जन्मेकामध्ये निर्देशिकामा उल्लेख भएअनुसारको छनौट प्रक्रिया अपनाई साँढे/राँगोको छनौट गरेर सबैभन्दा राम्रो प्रजननमान भएका रागो/साँढेहरूबाट कृत्रिम गर्भाधान कार्यक्रमको लागि देशलाई आवश्यक पर्ने मात्रामा उच्च कोटीको वीर्य उत्पादन गरिन्छ भने त्यसपछिको प्रजननमान हुने साँढे/राँगोहरूलाई प्राकृतिक प्रजनन्का लागि वितरण गरी नश्ल सुधार गर्ने कार्यलाई निरन्तरता दिइन्छ ।

यसरी उच्च कोटीका Test Bull हरूको उत्पादन हुनुका साथै केही वर्षपछि यस्ता साँढे/राँगोबाट उत्पादित बाच्छी/पाडीहरूको समेत उत्पादन क्षमताको यकिन (Progeny Testing) गरी प्रमाणित साँढे/राँगो (Proven Bulls) को समेत प्रयोग गर्दै जाने दीर्घकालीन लक्ष्य यो कार्यक्रमको रहेको छ ।

### ५. PPRS अन्तर्गत हाल सञ्चालित कियाकलापहरू

NLSIP का मूल तीन लक्ष्यहरू- पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने, मूल्य अभिवृद्धि गर्ने र पशु सेवाको सुदृढीकरण गर्नेमध्ये PPRS कार्यक्रमलाई उच्च महत्व दिई सञ्चालन गरिएको छ । आयोजना अन्तर्गत सञ्चालति PPRS सग सम्बन्धित केही प्रमुख कियाकलापहरू यस प्रकार रहेका छन:

**(क) शुद्ध जर्सी र होल्सिटिन साँढे आयातः** आयोजनाको निरन्तर र अथक प्रयास पश्चात अमेरिकाबाट खरिद गरी ल्याइएका छ वटा शुद्ध नश्लका साँढेहरू राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरामा वीर्य उत्पादनका लागि राखिएको छ ।



**चित्र ३:** NLBO पोखरामा रहेका अमेरिकाबाट आयात गरिएका साँढेहरू

**(ख) बजेट खर्च गर्ने अख्तियारीः** विगतमा PPRS सँग सम्बन्धित क्रियाकलापहरूको बजेट खर्च गर्ने अख्तियारी आयोजना व्यवस्थापन कार्यालयमा हुने गरेकोमा गत वर्षदेखि NLBO लाई नै आयोजना तर्फको सम्बन्धित बजेट खर्चगर्ने अख्तियारी दिई क्रियाकलापहरू सञ्चालन गर्न सुरु गरिएको छ जसले गर्दा यससँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्न सहज भएको छ ।

**(ग) पूर्वाधार निर्माणः** आयोजनाको लगानीमा NLBO पोखरा र लहानमा Bull Mother र साँढे/राँगोका लागि गोठ निर्माण कार्य सम्पन्न भइसकेको छ भने चालू आ.व.मा पोखरामा क्वारेन्टाइन स्थलको निर्माण भइरहेको छ ।

**(घ) वीर्य प्रशोधन प्रयोगशाला निर्माणः** वीर्य प्रशोधन प्रयोगशालाको सुदृढीकरण गर्ने क्रममा NLBO लहानको प्रयोगशाला भवन निर्माण भइरहेको छ ।

**(ङ) मानव संसाधन विकासः** आयोजनाले विशेषतः नयाँ र पुनताजगी तालिम मार्फत कृत्रिम गर्भाधानकर्ताको संख्या र क्षमता अभिवृद्धि गर्न सहयोग गरिरहेको छ भने प्रजनन विकृति निदान र उपचार गर्नसक्ने दक्ष जनशक्ति विकास गर्न तालिमहरू आयोजना गरिरहेको छ । आयोजनाले नेपालको पशु सेवा क्षेत्रमा पहिलो पटक USG मेसिनको प्रयोगको सुरुवात गराएको छ जसको प्रयोग विशेष गरी प्रजनन विकृतिहरूको निदानमा बढिरहेको छ । आयोजनाले PPRS सम्बन्धी तथ्याङ्क विश्लेषण तालिमहरू समेत आयोजना गरिरहेको छ जुन मानव संसाधन विकासमा अत्यन्त महत्वपूर्ण ठानिएको छ ।

**(च) उपकरण र कृ.ग. सामग्रीः** देशव्यापी रुपमा सञ्चालन भइरहेको कृत्रिम गर्भाधान कार्यक्रममा सहयोग पुऱ्याउन वीर्य उत्पादन प्रयोगशालालाई अटोमेटिक सिमेन फिलिङ्ग, सिलिङ्ग मेसिन र सिमेन स्ट्र प्याकेजिङ्ग मेसिन उपलब्ध गराएको छ । साथै कृ.ग. केन्द्रहरूलाई सिमेन रेफ्री, तरल नाइट्रोजन कन्टेनर, सिथ, ग्लोभ्स, ए.आई. गन, आदि सामग्री समेत उपलब्ध गराएको छ ।

**(छ) जनशक्ति परिचालनः** PPRS कार्यक्रममा आयोजनाले कार्यक्रम सञ्चालन गर्न संलग्न कृषक, रेकर्डर, मिल्क एनालाइजर, कृत्रिम गर्भाधानकर्ता, सुपरीवेक्षक, संयोजक आदिलाई पारिश्रमिकको व्यवस्था गरी परिचालन गरेको छ । त्यसैगरी NLBO मा Data Entry गर्ने प्राविधिकहरूको व्यवस्थाका साथै कार्यक्रमको एकीकृत रुपमा रेखदेख अनुगमन, निरीक्षण लगायत परामर्श सेवा प्रदान गर्नका लागि केन्द्रमा PPRS/Breeding Expert को समेत व्यवस्था गरेको छ ।

**(ज) जमेको वीर्य आयातः** आयोजनाले PPRS कार्यक्रम अन्तर्गत छनौट भएका पशुहरूमा प्रयोग गर्ने गरी उच्च प्रजननमान भएका साँढेहरूबाट उत्पादन भएको १०,००० डोज वीर्य विदेशबाट खरिद गरी NLBO पोखरामा पठाइसकेको छ ।

## ६. हालसम्मको प्रगति र भावी योजना

कम्तीमा ४००० गाई (जर्सी–२०००, होल्स्टिन फ्रिजिअन–२००००) र १००० मुर्रा भैंसी गरी ५००० दुधालु जनावरहरूको अभिलेख मासिक रुपमा लिई हाल प्रयोग भएको तथ्याङ्क शास्त्रीय विधिबाट विश्लेषण गरिएमा यो कार्यक्रम अन्तर्राष्ट्रिय रुपमा समेत स्वीकार्य हुने र त्यसबाट नेपाललाई चाहिने संख्यामा राँगो/साँढेहरू उत्पादन हुने भएता पनि हालसम्म करिब १४०० होल्स्टिन फ्रिजिअन, १००० जर्सी र २०० मुर्रा भैंसीलाई मात्र अभिलेख प्रणालीमा समावेश गर्न सकिएको छ । अभिलेख प्रणालीमा समावेश भएको यो संख्या वैज्ञानिक विधिबमोजिम विश्लेषण गर्न अपर्याप्त हुने भएको र अभिलेख प्रणालीमा हाल भएका पशुहरूबाट मात्र देशलाई चाहिने संख्यामा राँगो/साँढेहरू उत्पादन हुन नसक्ने भएकोले यथासिघ्र थप पशुहरूलाई अभिलेख प्रणालीमा ल्याउनु आवश्यक छ । त्यसको अलावा आयोजनाले अमेरिकाबाट खरिद गरी ल्याएका साँढेहरूको दीर्घकालीन सोच सहितको उपयोग योजना वनाएर सोको पालना हुनु पनि अत्यन्त जरुरी देखिन्छ ।

## ७. उपसंहार

PPRS राष्ट्रिय महत्वको कार्यक्रम भएकोले यस कार्यक्रमलाई सफल पार्न सम्बन्धित कृषक, रेकर्डर, इन्सेमिनेटर, दूध विश्लेषक, सुपरीवेक्षक, स्थानीय तहका पशु सेवा शाखा, भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, राष्ट्रिय पशु प्रजनन कार्यालय, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, नेपाल कृषि अनुसन्धान परिषद, पशु सेवा विभाग सबैले आआफ्नो जिम्मेवारी पूरा गर्नु आवश्यक छ । यी निकायहरूको जिम्मेवारी निर्देशिकामा स्पष्टसँग किटान भएकोले सोही अनुसार सहकार्य र समन्वय गर्ने तर्फ सम्बन्धित सबै निकायको ध्यान जानु नितान्त जरुरी छ ।

# चरन तथा घाँस विकास: आयोजनाको लक्ष तथा उपलब्धी



**रुद्र प्रसाद पौडेल**
**चरन तथा पशु आहारा विज्ञ**

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले सम्भाग “ख” अन्तर्गतका क्रियाकलापहरूद्वारा पशु आहारा प्रवर्द्धण गरिरहेको छ। पशु आहारामा पोषण र लागतको दृष्टिले हरियो घाँस अत्यन्त महत्वपूर्ण हुन्छ। हरियो घाँसबाट कम लागतमा पशुको पोषणमा महत्वपूर्ण र पशुलाई दैनिक रुपमा आवश्यक पर्ने कार्बोहाईट्रेड्स, प्रोटीन, भिटामिन, खनिजतत्व जस्ता महत्वपूर्ण पौष्टिक तत्वहरू प्राप्त गर्न सकिन्छ। पशुपालनको कूल लागतको ५५ देखि ६० प्रतिशत आहारामा लाग्ने गर्छ। अतः पशुजन्य पदार्थको उत्पादन वृद्धि गर्न मात्र नभई उत्पादन लागत कम गर्न समेत घाँस विकासका कार्यक्रमहरूले महत्वपूर्ण योगदान पुऱ्याउने गर्छन।



दूध र मासुको उत्पादन लागत मौसम अनुसारका हिउँदे, बर्षे र वहुवर्षे घाँसेबालीहरू नियमित रुपमा खेती गरेर पशु आहारा आपूर्ति गर्दा मात्र घटाउन सम्भव छ। तसर्थ आयोजनाले पशु आहाराका अन्य क्रियाकलापहरूको साथै घाँस विकास कार्यक्रमलाई प्राथमिकता पूर्वक सञ्चालन गरिरहेको छ। आयोजनामा चरन तथा घाँस विकास कार्यक्रम अन्तर्गत बहुवर्षे घाँस विकास, हिउँदे तथा बर्षे घाँस विकास, करारमा घाँसको बिउ उत्पादन, डाले घाँस नर्सरी स्थापना जस्ता क्रियाकलापहरू सञ्चालन भइरहेका छन्। त्यस्तै घाँसको बिउ प्रशोधनका लागि सरकारी स्तरमा घाँसेबाली आनुवांशिक स्रोत केन्द्र रञ्जितपुर, सर्लाहीमा घाँसको बिउ प्रशोधन केन्द्र स्थापना भै सकेको छ भने राइजोबियम तथा घाँसेबाली बिउबिजन प्रयोगशाला, जनकपुरमा यसै आ.व.मा घाँसको बिउ प्रशोधनशाला स्थापना गर्ने लक्ष रहेकोछ।

सहकारी तथा समुदाय स्तरमा पनि घाँसको बिउ उत्पादन तथा प्रशोधनको लागि आयोजनाको सहयोगमा दाङको लालमटिया, नवलपरासी (पूर्व) को कावासोती र सुनसरीको इनरवामा घाँसको बिउ भण्डारण तथा प्रशोधन केन्द्रहरू स्थापना गरिएका छन्।

यसको अलावा आयोजनाको पूरक अनुदानमा सञ्चालन हुने उप-आयोजनाहरूमा घाँस खेतीको लागि प्रति गाई एक रोपनी र प्रति बाखा ०.२५ रोपनी जमिन उपलब्ध हुनैपर्ने अनिवार्यता गरी ती उप-आयोजनाहरूमा घाँस उत्पादनका प्रस्ताव गर्न अनिवार्य गरिएको छ।

मौसममा उत्पादन हुने घाँसेबालीको संरक्षण गरी बेमौसममा प्रयोग गराउने कुरामा पनि आयोजनाले जोड दिएको छ। यसको लागि पूरक अनुदानमा सञ्चालन हुने उप-आयोजनाहरूमा साइलेज प्रयोगलाई प्राथमिकता दिइएको छ भने आयोजना लागू भएका जिल्लाहरूमा ३५ वटा सहकारी संस्थालाई साईलेज बनाउने मेसिन अनुदानमा उपलब्ध गराइएको छ। उदाहरणको लागि आयोजनाको अनुदान सहयोगमा झापाको माहारानीझोडा सानाकिसान कृषि सहकारी संस्थाले प्लास्टिक र्‍यापिङ्ग तरिकाबाट ५०० मेट्रिक टन मकैको साईलेज उत्पादन गरी १५० मे.टन बिक्री गरिसकेको र १०० बिघामा साईलेज उत्पादनका लागि करारका मकै खेती गरिरहेको छ भने रुपन्देहीको सेमलारमा पनि साना किसान कृषि सहकारी संस्थाले साईलेज उत्पादन तथा बिक्री बितरण कार्यको सुरुवात गरेको छ।

आयोजनाले स्थान विशेषको आवश्यकता अनुसार खनिज मिश्रण उत्पादन गराउने उद्देश्यले चितवन र कैलालीका एक-एक वटा सहकारी संस्थालाई मिनरल मिक्स्चर उत्पादन गर्ने मेसिन उपलब्ध गराएको छ भने ती दुबै सहकारीका पदाधिकारीहरूलाई मेसिन सञ्चालन तथा खनिज मिश्रण उत्पादन



गर्ने तरिका सम्बन्धी तालिम समेत प्रदान गरेको छ। हरियो घाँसको कृषकहरूको आवश्यकतालाई पूरा गर्नको लागि आयोजनाले २१ स्थानमा डाले घाँसका नर्सरीहरू स्थापना गर्न प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराएको छ भने थप १९ नर्सरीहरू स्थापना गर्ने लक्ष आयोजनाले लिएको छ। यी प्रत्येक नर्सरीबाट कम्तीमा १०००० डाले घाँसको बिरुवा उत्पादन गराउने लक्ष आयोजनाको छ। हिउँदे तथा बर्षे घाँस दुबैको बिउको अभाव देखिएकोले आयोजनाले करार खेती मार्फत घाँसको गुणस्तरीय बिउ उत्पादन गराई बिउ आपूर्तिमा ठूलो सहयोग पुऱ्याइरहेको छ।

पशु आहारा सम्बन्धी आयोजनाद्वारा आ.व.२०७८/७९ सम्म सम्पन्न गरिएका र चालू आ.व.मा सञ्चालनमा रहेका केही प्रमुख क्रियाकलाप र तिनको उपलब्धी तल ताकिका १ र २ मा प्रस्तुत गरिएको छः

***तालिका-१: आ.व.२०७८/७९ सम्म सम्पन्न भएका पशु आहारा सम्बन्धी क्रियाकलापहरू***

| सि.नं. | कार्यक्रम | इकाई | आयोजना को कूल लक्ष | हालसम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|
| १ | चरन तथा घाँस विकास कार्यक्रम | हेक्टर | १०००० | ३५०० | |
| २ | करारमा घाँसको विउ उत्पादन | हेक्टर | १००० | ४४५ | |
| ३ | डाले घाँस नर्सरी स्थापना | | ४० | २१ | |
| ४ | मिनरल मिक्स्चर मेसिन वितरण | संख्या | २ | २ | |
| ५ | साईलेज मेसिन वितरण | संख्या | ३५ | ३५ | |
| ६ | घाँसको बिउ प्रशोधनशाला स्थापना | संख्या | ५ | ४ | |
| ७ | घाँसेबाली तालिम केन्द्र निर्माण | संख्या | १ | १ | |

*तालिका-२: आ.व.२०७९/८० मा लक्षित पशु आहारा सम्बन्धी कियाकलापहरू*

| सि.नं. | कार्यक्रम | इकाई | वार्षिक लक्ष | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|
| १ | चरन तथा घाँस विकास कार्यक्रम | हेक्टर | ६५०० | | |
| २ | करारमा घाँसको बिउ उत्पादन | हेक्टर | ५५५ | | |
| ३ | डाले घाँस नर्सरी स्थापना | संख्या | १९ | | |
| ४ | मिनरल मिक्स्चर मेसिन वितरण | संख्या | | | |
| ५ | साईलेज बनाउने मेसिन वितरण | संख्या | | | |
| ६ | घाँसको बिउ प्रशोधनशाला स्थापना | संख्या | १ | | |
| ७ | घासको बिउ प्रशोधन केन्द्र स्थापना (सुनसरी, नवलपरासी, दाङ्ग) | संख्या | ३ | ३ | |
| ७ | घाँसेबाली तालिम केन्द्र भवन विस्तार | संख्या | १ | १ | |

# स्वागत तथा विदाई

आयोजना परिवारको सदस्यको रुपमा आ.व. २०७९/८० को प्रथम चौमासिक अवधिमा आयोजना व्यवस्थापन कार्यालय र मातहतका DLSU हरूमा सरुवा भई आउनु हुने मित्रहरूलाई आयोजना स्वागत गर्दछ र आयोजनाबाट सरुवा भएर जानु भएका मित्रहरूलाई आयोजना कार्यान्वयनमा उहाँहरूले पुऱ्याउनु भएको सक्रिय योगदानको लागि धन्यवाद सहित उहाँहरूको भावी कार्यकालको सफलताको कामना गर्दछ !

## आयोजनामा आउनु भएका कर्मचारी तथा परामर्शदाताहरू



**डा. टिकाराम खनाल**
योजना अधिकृत,
DLSU बुटवल



**डा. लोकनाथ पौडेल, PhD**
PPRS विज्ञ

## आयोजनाबाट जानु भएका कर्मचारी तथा परामर्शदाताहरू




**डा. टिकाराम खनाल**
योजना अधिकृत,
DLSU बुटवल



**डा. खीमानन्द खनाल**
योजना अधिकृत,
DLSU बुटवल



**इ. श्री वैदेहीशरण दत्त**
(Infrastructure Dev. Specialist)



**इ. श्री मनोज ज्ञवाली**
(Infrastructure Dev. Specialist)

1 आयोजना गतिविधि

# गृहमन्त्रीज्यूद्वारा सेवा केन्द्र भवन सिलान्यास

आयोजनाले निर्माण गरिरहेका पशु सेवा क्षेत्रको सुदृढीकरणसँग सम्बन्धित संघ, प्रदेश र स्थानीय तहका भौतिक संरचनाहरूमध्ये पशु सेवा केन्द्र भवनहरू महत्वपूर्ण रहेका छन । आयोजनाले गत आ.व. २०७८/७९ सम्म २० वटा पशु सेवा केन्द्र भवनहरू निर्माण गरी सम्बन्धित पालिकाहरूलाई हस्तान्तरण गरिसकेको छ भने चालू आ.व.मा थप ८ वटा सेवा केन्द्र भवनहरू निर्माण गर्ने कार्यक्रम आयोजनाको रहेको छ ।



यसै सन्दर्भमा पशु सेवा केन्द्र भवन निर्माणलाई ठूलो महत्व दिई नेपाल सरकारका माननीय गृहमन्त्री वालकृष्ण खाँडले सियारी गाँउपालिकाको हर्नैयामा निर्माण गर्न लागेको पशु सेवा केन्द्र भवनको १८ भदौ २०७९ का दिन भव्य समारोहबीच सिलान्यास गर्नुभएको छ । अनुमानित लागत रु. १ करोड ४छ लाख रहेको सो पशु सेवा केन्द्र भवन स्थानीयस्तरको सुविधायुक्त पशु अस्पताल हुने र त्यसबाट सियारी गाँउपालिकाका पशुपालक कृषकहरू लाभान्वित हुने आशा गरिएको छ ।

# सातौं Implementation, Review and Support Mission-ISR

विश्व बैंकबाट आयोजनाको सातौं Implementation, Review and Support Mission-ISR २०७९ साउन १६-३० (अगष्ट १-१५, २०२२) मा सम्पन्न भएको छ । आयोजनाको कार्यान्वयन र विगतमा सहमति भएका क्रियाकलापहरूको प्रगति समीक्षा गर्ने र आयोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सुधार गर्नेपर्ने पक्षहरू पत्ता लगाउने उद्देश्यले आवधिक रुपमा गरिने यो मिसनमा विश्व बैंकबाट यो आयोजना हेर्ने टोली प्रमुख करिश्मा वस्तीको अगुवाईमा अन्नु राजभण्डारी (वरिष्ठ वातावरण विज्ञ), तिमिला श्रेष्ठ (वरिष्ठ वित्तीय व्यवस्थापन विज्ञ), चन्द्रकिशोर मिश्र (खरिद विज्ञ), जोकिम भण्डारक्यास्टीलेन (अर्थ विज्ञ), पूर्ण क्षेत्री (परार्शदाता), मोहम्मद शम्सुद्दिन (पशुपालन विज्ञ), इश्वर न्यौपाने (सामाजिक सुरक्षा विज्ञ) र प्रकाश अवस्थी (वातावरण सुरक्षा विज्ञ) को टोली सहभागी थियो भने आयोजनाको तर्फबाट आयोजना निर्देशक डा. उमेश दाहालको अगुवाईमा आयोजनाका अधिकृत र आयोजनामा परिचालित परामर्शदाताहरूको टोली संलग्न रहेको थियो ।

प्रस्तुत मिशनकै हिस्साको रुपमा TTL करिश्मा वस्ती र आयोजना निर्देशक डा. उमेश दाहाल सहितको संयुक्त टोलीले २०७९ साउन १२ र १३ गते दुई दिन आयोजनाले निर्माण गरी सियारी गाउपालिका मार्फत सञ्चालनमा ल्याउन मद्दत गरिरहेको सियारी च्याङ्ठा पशु हाट बजार र विकेन्द्रीकृत आयोजना सहयोग इकाई, बुटवलको पूरक अनुदान सहयोगमा सञ्चालन भइरहेका साना किसान कृषि सहकारी संस्था लि. सेमलारको दूध तथा साइलेज उत्पादन उप-आयोजना र श्री विक्रम रिजालले सञ्चालन गरिरहेको लुम्बिनी डेरी उद्योग समेत अन्य विभिन्न क्रियाकलापहरूको स्थलगत अनुगमन गरी आयोजनाका लाभग्राहीहरूसँग छलफल समेत गरेको थियो ।



त्यस्तै प्रस्तुत मिसनका पशुपालन विज्ञ मोहम्मद शम्सुद्दिनले १८ र १९ साउन, २०७९ मा राष्टिय पशु प्रजनन कार्यालय, पोखरा र कास्की जिल्लाका विभिन्न निजी फार्महरूको भ्रमण गरी आयोजनाको सहयोगमा सञ्चालन भइरहेको वंशावलीमा आधारित दुधालु गाई, भैसी नश्ल सुधार कार्यक्रमको अनुगमन गर्नु भएको थियो ।



आयोजना व्यवस्थापन कार्यालयमा भएका विभिन्न चरणका समीक्षा बैठक र स्थलगत अनुगमन भ्रमण समेतबाट प्राप्त आयोजना कार्यान्वयन प्रगति सम्बन्धी मिसनका निष्कर्षहरू ३० साउन २०७९ का दिन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सम्पन्न समापन बैठकमा प्रस्तुत गरिएको थियो । यो मिसनको दौरान आयोजना कार्यान्वयन थप प्रभावकारी पार्न अब गरिनुपर्ने विभिन्न १२ वटा कियाकलापहरूमा सहमति भएको छ भने मिसनले आयोजना कार्यान्वयनको समग्र अवस्था सन्तोषजनक रहेको निष्कर्ष निकालेको छ ।

## पशु कल्याण र संक्रामक पशु रोग नियन्त्रण ऐन तर्जुमा गोष्ठी

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले सम्भाग "क" अन्तर्गतका कियाकलापहरू मार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यक देखेबमोजिम सरकारका विभिन्न निकायहरूलाई पशु सेवा क्षेत्रको सुदृढिकरण तथा नियमनको लागि आवश्यक नीति, रणनीति, ऐन र नियमहरू तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग पुऱ्याइरहेको छ । नेपालको पशुपालन क्षेत्रमा आवश्यकता महसुस गरिएका संक्रामक पशु रोग नियन्त्रण ऐन र पशु कल्याण ऐन तर्जुमा गर्न नेपाल सरकार, मन्त्री परिषदले मंसिर २०७८ मै सहमति प्रदान गरेको भए पनि विविध कारणले गर्दा यी ऐनहरू तर्जुमा गर्ने कार्यमा उल्लेखनीय प्रगति भने हुन सकेको छैन ।



नेपाल पशु चिकित्सा परिषदसँगको सहकार्यमा यस आयोजनाले संक्रामक पशु रोग नियन्त्रण ऐनको प्रारम्भिक मस्यौदा २०७६ भाद्रमै तयार पारेको थियो । त्यस बाहेक पशु सेवा क्षेत्रसग सम्बन्धित नीति तथा ऐनहरू तर्जुमा गर्ने कार्यमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पशु सेवा विभागसग सहकार्य गर्ने प्रयास आयोजनाले गर्दै आएको छ ।



यसै सन्दर्भमा आयोजनाले २०७९ साउन १७ गते कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग र मातहतका निकाय र सरकारी तथा निजी क्षेत्रका अन्य सरोकारवालाहरूको सहभागीतामा एक दिने पशु कल्याण तथा संक्रामक पशु रोग नियन्त्रण ऐन तर्जुमा सम्बन्धि एक दिने गोष्ठी आयोजना गऱ्यो । पशुपालन ग्रामीण नेपाली परिवारको जीविकोपार्जन र पारिवारिक आयको एक मुख्य माध्यम भएको, नेपालको पशुपालन क्षेत्र व्यावसायिक भइरहेको र OIE सदश्य राष्ट्रको रुपमा नेपालले पूरा गर्नुपर्ने अन्तराष्ट्रिय प्रतिवद्धताहरूको पृष्ठभूमिमा यी दुवै ऐनहरू अत्यन्त सान्दर्भिक भएको विचार सहभागीहरूले व्यक्त गरे ।

पशु सेवा विभागका तत्कालीन महानिर्देशक डा. रामनन्दन तिवारीको अध्यक्षतामा सम्पन्न सो गोष्ठीको उद्घाटन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. सम्झना कुमारी काफ्लेले गर्नु भएको थियो भने नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाका आयोजना निर्देशक डा. उमेश दाहालले गोष्ठीका सहभागीहरूलाई स्वागत र गोष्ठीको उद्देश्य बारे चर्चा गर्नुभएको थियो । सो गोष्ठीमा अन्य देशमा यी ऐनहरूको कार्यान्वयन अवस्था, नेपालमा ऐनको आवश्यकता र ऐनमा समावेश हुनुपर्ने प्रमुख विषयवस्तु बारे डा. प्रदीपचन्द्र भट्टराईले पशु कल्याण ऐन र डा. सुजन रानाले संक्रामक पशु रोग नियन्त्रण ऐन सम्बन्धमा कार्यपत्र प्रस्तुत प्रस्तुत गर्नु भएको थियो भने दुवै प्रस्तुतिमा समूह छलफल गरी निचोड तयार पारिएको थियो । प्रस्तुत गोष्ठीले दुवै ऐनमा समावेश हुनुपर्ने विषयवस्तु र ती ऐन सम्बन्धमा सरोकारवालाहरूको विचार संकलन गरेको छ जुन ऐन तर्जुमा गर्दा सहयोगी हुने अपेक्षा गरिएको छ ।

## आयोजना निर्देशक समितिका बैठक सम्पन्न

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षता र विभिन्न सरोकारवाला निकायहरूको प्रतिनिधित्व सहित गठित आयोजनालाई दिशा निर्देश गर्ने आयोजना निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्ने गरेकोमा आ.व. २०७९/८० को प्रथम चौमासिक अवधिमा २०७९ साउन २२ गते र २०७९ कार्तिक २० गते गरी दुई पटक बसेको छ ।

समितिका अध्यक्ष तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव श्री डा. दीपक कुमार खरालज्यूको अध्यक्षतामा बसेका यी बैठकहरूमा मुख्य गरी सम्मानित सर्वोच्च र अदालतबाट आयोजनाको नाममा "लक्षित वर्ग बाहेकलाई अनुदान किस्ता भुक्तानी नगर्न" जारी भएको अन्तरिम आदेशले सिर्जना भएको अन्योल हटाउने बारे छलफल गरिएको थियो भने निर्देशक समितिका पदाधिकारीहरूद्वारा अकोयोजनाका क्रियाकलापहरू संयुक्त अनुगमन गर्ने र आयोजनाको अपहलमा भावी आयोजनाहरूको अवधारणापत्र तयार पार्ने आदि निर्णयहरू भंको थियो ।

## प्रथम चौमासिक समीक्षा गोष्ठी

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको आयोजना व्यवस्थापन कार्यालय र आयोजनाका बजेट खर्चगर्ने अख्तियारी प्राप्त कार्यालयहरूबाट चालू आ.व. २०७९/८० को प्रथम त्रैमासिक अवधिमा सम्पन्न भएका क्रियाकलापहरूको प्रगति समीक्षा २०७९ कार्तिक २० गतेका दिन आयोजना व्यवस्थापन कार्यालयमा एक गोष्ठी आयोजना गरी सम्पन्न भयो । सो समीक्षा गोष्ठीमा आयोजना व्यवस्थापन कार्यालय र चारवटै विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरू तथा राष्ट्रिय पशु प्रजनन कार्यालय पारेखराका प्रमुख तथा अधिकृतहरूको सहभागीता रहेको थियो

भने आमन्त्रित अतिथिको रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव, पशु सेवा विभागका महानिर्देशक र मन्त्रालय तथा विभाग मातहतका अन्य निकायका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता थियो ।



गोष्ठीमा आयोजनाको कार्यक्रम सञ्चालन गर्ने सबै कार्यालयहरूले आयोजनाको पूरक अनुदान सहयोग प्राप्त उप-आयोजनाहरू कार्यान्वयन प्रगतिमा विशेष रुपमा केन्द्रीत भई आआफ्नो कार्यालयद्वारा समीक्षा अवधिमा सम्पन्न गरिएका कियाकलापहरूको प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो भने आयोजना सञ्चालन गर्नेकममा सामना गर्नुपरेका चुनौतीहरू समाधानका उपायहरू बारे पनि छलफल गरिएको थियो ।

## खोरेत विरूद्धको खोप खरिद

नेपालको पशु सेवा क्षेत्रको आधुनिकीकरण र सुदृढीकरणको लागि आयोजनाले संघ, प्रदेश र स्थानीय सरकार मातहतका पशु सेवा प्रवाह गर्ने निकायहरूलाई भौतिक पूर्वाधार निर्माण, आधुनिक उपकरणहरू र क्षमता अभिवृद्धि तालिम आदि मार्फत सहयोग गरिरहेको छ । आर्थिक दृष्टिले अत्यन्त महत्वपूर्ण महामारी रोगहरू खोरेत र पी.पी.आर. रोकथाम तथा नियन्त्रणमा सहयोग गर्न आयोजनाले राष्ट्रव्यापी रुपमा रणनैतिक स्थानमा खोप भण्डारण सुविधाहरू विकास गरेको छ भने, पी.पी.आर. खोप उत्पादन गर्ने क्षमता अभिवृद्धि गर्न राष्ट्रिय खोप उत्पादन प्रयोगशालालाई महत्वपूर्ण उपकरणहरू उपलब्ध गराउने र देशमा आवश्यक पर्ने मात्रामा खोरेत विरुद्धको खोप खरिद गरी खोप कार्यक्रम सञ्चालनमा चाहिने सामग्री र पारिश्रमिकको सहयोग गर्ने समेत गरिरहेको छ ।

आयोजनाले गत: आ.व.सम्म ७३ लाख ४४ हजार मात्रा खोरेतको खोप खरिद गरी प्रयोगार्थ पशु सेवा विभागलाई उपलब्ध गराएकोमा चालू आ.व.मा थप ५३ लाख २५ हजार मात्रा खोप खरिद गरिरहेको छ । आपूर्ति सम्झौता भएको ५३ लाख २५ हजार मात्रामध्ये १० लाख मात्रा खोप चालू आ.व.को प्रथम त्रैमासिक अवधिमा प्राप्त भइसकेको छ भने बाकी खोप दोस्रो त्रैमासिक अवधि भित्रै प्राप्त हुने छ । यो खोप राष्ट्रिय आवश्यकता र रोग रोकथाम रणनीतिबमोजिम प्रदेश तथा स्थानीय तह मातहतका सेवा प्रदायकहरू मार्फत प्रयोग हुदा नेपाली कृषकको पशुधनको सुरक्षा हुनेछ भने नेपाल सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको बचनवद्धता समेत पुरा हुनेछ ।

### पशु सेवा क्षेत्रको सुदृढीकरणमा आयोजनाको सहयोग:

## भौतिक पूर्वाधारहरूको निर्माण सम्पन्न

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले नेपालको पशुपालन क्षेत्रको आधुनिकीकरण र सुदृढीकरणको लागि सञ्चालन गरिरहेका विभिन्न कियाकलापहरूमध्ये पशु सेवा क्षेत्रसँग सम्बन्धित भौतिक पूर्वाधारहरूको निर्माण पनि एक हो । आयोजनाले स्थानीय माग र आवश्यकताको आधारमा संघ, प्रदेश र स्थानीय तह मातहतका पशु सेवासँग सम्वद्ध भौतिक संरचनाहरू निर्माण गरी प्रयोगको लागि सरोकारवाला निकायहरूलाई हस्तान्तरण गर्ने गरिरहेकोमा हालसम्म निर्माण सम्पन्न भएका केही प्रमुख संरचनाहरू निम्नानुसार छन्:

| क्र.सं. | संरचना | संख्या |
|---|---|---|
| १ | नेपाल भेटेरिनरी काउन्सिल भवन, काठमाडौं | १ |
| २ | पशु सेवा केन्द्र भवन (चितवन, झापा, कास्की, मोरङ्ग, सप्तरी, सिरहा, स्याङ्जा, रुपन्देही, पाल्पा, कपिलवस्तु, तनहु, बर्दिया, अर्घाखाँची, काठमाण्डौं, काभ्रे, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, उदयपुर, इलाम र गुल्मी) | २० |
| ३ | पशु हाट बजार, बर्दिया (गुलरिया), रुपन्देही (सियारी), चितवन (रत्ननगर) र मोरङ्ग (रंगेली) | ४ |
| ४ | पशु सेवा तालिम केन्द्र भवन, सुर्खेत | १ |
| ५ | नमूना मासु तालिम केन्द्र, दुहवी, सुनसरी | १ |
| ६ | बुल तथा बुल मदर शेड (राष्ट्रिय पशु प्रजनन कार्यालय-पोखरा र लहान) | ३ |
| ७ | बुल मदर शेड -गाई आणुवांशिक स्रोत केन्द्र, जिरी) | १ |
| ८ | घाँसको बीउ प्रशोधन तथा भण्डारण केन्द्र, सर्लाही | १ |
| ९ | बाखाको खोर, बुढीतोला, कैलाली | १ |









1 सफलताको कथा

# सुधारिएको गोठले बाख्रा फेरिए

**श्री दुर्गा प्रसाद (कृष्ण) न्यौपाने**
**गल्यांग नगरपालिका-४, स्यांजा**

श्री दुर्गा प्रसाद (कृष्ण) न्यौपाने व्यावसायिक बाख्रापालक कृषक समूहका सदश्य र नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना विकेन्द्रीकृत आयोजना सहयोग इकाई, पोखराको अनुदान सहयोगमा सो समूहले स्याङ्जा, गल्यांग नगरपालिका वडा नम्बर-४, भर्तोकमा संचालन गरेको मासु उत्पादन उप-आयोजनाका एक लाभग्राही हुन् । नगरपालिकाको यो ग्रामीण भेग कृषि/पशुपालन व्यवसायको लागि राम्रो मानिन्छ । उनी र उनी जस्तै समूहमा भएका र नभएका अरु कृषकले पहिलेदेखिनै बाख्रापालन गर्दै आएका छन् ।




नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाबाट उनी सदश्य भएको समूहको रु. ९९०८९८८ प्रस्तावित लगानी भएको व्यावसायिक बाख्रापालन योजना स्वीकृत भई त्यसको ५० प्रतिशत अर्थात रु ४९५५१३४ अनुदान प्राप्त गर्ने सम्झौता भएपछि परम्परागतरूपमा बाख्रा पाल्दै आएका अरु सदश्य जस्तै ऊनले पनि आयोजनाले प्रदान गरेको ढांचाबमोजिमको खोर बनाए । आयोजनाले खोर निर्माण, बोका खरिद र अरु औजारहरू खरिद गर्न अनुदान सहयोग गरिरहेको छ । करिब सात महिना पहिले सुधारिएको खोर बनेपछि उनले आफूसंग भएका १८ वटा बाख्रा त्यो खोरमा पाल्दा ५-६ महिनामै बाख्रा फेरिएको देख्दा अहिले उनी दंग छन् । "पहिलेको खोरमा ठाउँ साँघुरो थियो, खोर अँध्यारो थियो र




हावा खेल्न पाउन्नथ्यो । जुतो थुप्रिदा सोहर्न अप्ठेरो हुन्थ्यो र सफा गर्ने काम पनि कमै हुन्थ्यो ।उपिया जुम्रा लाग्थे ।छेरौटी पनि बढी लाग्थ्यो ।बाख्रा राम्रोसँग फस्टाउन्नथे" उनी पुराना दिन सम्झन्छन ।

"सुधारिएको खोरमा बाख्रा, बोका र पाठापाठीलाई छुट्टा-छुट्टै ठाउँ छ । खोर अग्लो छ । भित्र पसेर कामगर्न सजिलो छ । पिसाब जम्न पाउदैन ।सफा गर्न सजिलो हुदा काम गर्न जाँगर लाग्छ । मल र पिसाब जम्मा हुने खाडलको सुविधा छ ।सही खोर हुनु जरुरी रहेछ" उनी आफ्नो निस्कर्ष सुनाउछन् ।"बाख्रा थप्दै छु, यसै गरी सप्रे त फाइदै होला नि ..." उनी धेरै आशावादी पनि देखिन्छन ।

आवास व्यवस्था पशुपालनको आधारभूत पक्ष हो ।खोर/गोठले पशुको उत्पादन र उत्पादकत्वमा ठूलो भूमिका खेल्छ । खोर/गोठ व्यवस्थित भए पशुको आहारा उपभोग राम्रो हुने, रोगको प्रकोप कम हुने, बाहिरी-भित्री परजीवीको प्रकोप कम हुने र उत्पादन र उत्पादकत्व वृद्धि हुने भएकोले नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाले उप-आयोजनाहरूमा उपुक्त पूर्वाधार निर्माणमा जोड दिई कार्यक्रम संचालन गरिरहेको छ, जसको उप्लब्धि देखापर्न सुरु भई सकेको छ ।

प्रस्तुतकर्ताः केशब अच्छामी, दुग्ध मूल्यशृंखला विज्ञ



1 आयोजनामा नवप्रर्वतन

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले नेपालको पशु सेवा क्षेत्रको आधुनिकीकरण र सुदृढीकरणको लागि काम गरिरहेको छ । आयोजनाले सम्भाग "ग" अन्तर्गत प्रवाह गरेको पूरक अनुदान सहयोगमा सञ्चालित उप-आयोजनाहरूमा नेपालको पशुपालन क्षेत्रको लागि धेरै नवीन प्रविधि र अभ्यासहरू सुरु भएका छन । तीमध्ये केहीको झलक फोटोमा

**१. साइलेज उत्पादन र प्रयोग**





**२. फार्ममा उत्पादन हुने मलमूत्रको उचित व्यवस्थापन**





**३. आधुनिक र सुविधायुक्त गोठ तथा खोर**









### ४. सामूहिक फार्म स्थापना तथा सञ्चालन





### ५. मिल्किङ्ग पार्लर र मिल्किङ्ग मेसिनको प्रयोग






### ६. सहकारीस्तरमै सुविधायुक्त दूध प्रशोधन





### ७. सजिलो पश्मिना संकलन



# आयोजना कार्यान्वयनमा संलग्न निकाय र जिम्मेवार व्यक्तिको सम्पर्क

## १. आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुर

| क्र.स. | कार्यालय/पदाधिकारी | फोन/मोबाइल | इमेल |
|---|---|---|---|
| क. | **आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुर** | ०१-५४५४९०६ | pmu@nlsip.gov.np |
| क.१ | **पदाधिकारी** | | |
| १ | आयोजना निर्देशक, **डा. उमेश दाहाल** | ९८५११५२७०५ | umeshvet@gmail.com |
| २ | सूचना अधिकारी तथा वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत, **डा. प्रवेश शर्मा** | ९८५११५७५३१ | prabeshsharmavet@gmail.com |
| ३ | वरिष्ठ योजना अधिकृत, ... ... .... | | |
| ४ | उप-सचिव (लेखा), **अशोक कुमार गिरी** | ९८६०७०१२८३ | Ashokgiri.brt@gmail.com |
| ५ | योजना अधिकृत, **सुशील खड्का** | ९८५११४५८९८ | susil.kdk@gmail.com |
| ६ | अनुगमन तथा मूल्यांकन अधिकृत, **डा. केशव भट्ट** | ९८४८७१४९९९ | vet.keshab@gmail.com |
| ७ | अनुगमन तथा मल्यांकन अधिकृत, **इश्वरी खतिवडा** | ९८५१०५१०४५ | katiwadadai@gmail.com |
| ८ | नायब सुब्बा, **मुरारी दुलाल उपाध्याय** | ९८४४२११००० | mridumd@gmail.com |
| क.२ | **परामर्शदाता** | | |
| **क.२.१ व्यक्तिगत परामर्श सेवा प्रदायक** | | | |
| १ | प्रोजेक्ट टेक्निकल लिड, **डा. प्रभाकर पाठक** | ९८४१२२७१९२ | drpathak@gmail.com |
| २ | खरिद विज्ञ, **ई. सतिशचन्द्र झा** | ९८५११७८०४५ | ersatisjha@gmail.com |
| ३ | वित्तीय सेवा विज्ञ, **योगराज पोखरेल** | ९८५११३६८८३ | pokhrel.yog@gmail.com |
| ४ | पशु प्रजन विज्ञ, **डा. लोकनाथ पौडेल** | ९८५११३६५२० | paudelln2015@gmail.com |
| **क.२.२ संस्थागत परामर्श सेवा प्रदायक** | | | |
| १ | टोली प्रमुख, प्राविधिक सेवा प्रदायक (CMS-DV-MDT-FBC JV), **डा. अमर बहादुर शाह** | ९८५८०५१९३७ | shahamar10@gmail.com |
| २ | टोली प्रमुख, व्यावसायिक सेवा प्रदायक (NABIC), **भूषण शाह** | ९८४३३८५०२३ | bhusan@nabic.com.np |
| ३ | आधिकारिक प्रतिनिधि, Apex inclusive JV, **सुरोज धोंजु** | ९८५११३६६०२ | dhojurose@gmail.com |

## २. विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु

| क्र.स. | कार्यालय/ पदाधिकारी | फोन/मोबाइल | इमेल |
|---|---|---|---|
| १ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, विराटनगर<br>प्रमुख, **डा. सुधिर कुमार सिंह**<br>सूचना अधिकारी, **योगेन्द्र शर्मा** | ०२१-५००२८३<br>९८५११९१०८७<br>९८४२८०९५२ | dlsubiratnagar@gmail.com<br>drsksinghnp@gmail.com<br>ypsharmatiti@gmail.com |
| २ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, हेटौडा<br>प्रमुख, **डा. विदुर गौतम**<br>सूचना अधिकारी, .... ... ... | ०५७-५२४५७५<br>९८५५०१८५४४ | dlsuhetauda@gmail.com<br>vet.bidurgautam@gmail.com |
| ३ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, पोखरा<br>प्रमुख, **डा. रेशमराज ज्ञवाली**<br>सूचना अधिकारी, **डा. प्रकाश अधिकारी** | ०६१-५२७१२०<br>९८४५०८६२९५<br>९८४५९२५९०३ | dlsupokhara@gmail.com<br>reshamg91@gmail.com<br>prkadk123@gmail.com |
| ४ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, बुटवल<br>प्रमुख, **डा. गान्धी उपाध्याय**<br>सूचना अधिकारी, **डा. टिकाराम खनाल** | ०७१-५५०५८०<br>९८५७०४४४४०<br>९८५७०३७१८५ | menlsipbutwal@gmail.com<br>gandhiupadhyay01@gmail.<br>comeruditeshiva@gmail.com |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना**
हरिहरभवन, ललितपुर
**फोनः** +९७७-१-५०१०००१ / ५४५४९०६
**ई-मेलः** pmu@nlsip.gov.np, **वेवसाइटः** www.nlsip.gov.np

**बुलेटिन सम्बन्धी सुझावहरू भए यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामा जानकारी गराउन हुन अनुरोध गर्दछौं।**